कर्णाली प्रदेशको पहिलो दैनिक

काँक्रेविहार

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २८८ ❐ बिहीवार, १४ साउन, २०८३ ❐ Thursday, 30 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

सहमति नजुट्दा मुख्यमन्त्री शाहीद्वारा एक्लै शपथ

शक्ति बाँडफाँटमा खिचातानी'पावर सेयरिङ'मा कुरा नमिल्दा मन्त्रिपरिषद् विस्तार भएन, पदभार ग्रहणलगत्तै तीन निर्णय

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १३ साउन

केन्द्रमा ओली र प्रचण्डबीच भएको नयाँ राजनीतिक समीकरणअनुसार कर्णाली प्रदेशको नेतृत्व सम्हाल्न पुगेका नवनियुक्त मुख्यमन्त्री मंगलबहादुर शाहीले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

प्रदेश प्रमुखको कार्यालयमा बुधबार आयोजित समारोहमा प्रदेश प्रमुख यज्ञराज जोशीले उनलाई शपथ गराएका हुन् ।

तर मुख्यमन्त्रीको नियुक्ति र शपथ ग्रहण भइसक्दा पनि सत्ता साझेदार दलहरूबीच मन्त्रालयको भागबन्डा अर्थात् 'पावर सेयरिङ' मा कुरा नमिल्दा मुख्यमन्त्री शाहीले एक्लै शपथ लिनुपर्ने बाध्यता सिर्जना
भयो ।

सुरुमा सकेसम्म सानो आकारको मन्त्रिपरिषद् गठन गरेर शपथ गराउने प्रयास भए पनि मन्त्रालयको खिचातानीका कारण त्यो सम्भव भएन ।

मन्त्रिपरिषद्लाई पूर्णता दिन एमालेका तर्फबाट यामलाल कँडेल, मुख्यमन्त्री शाही र नेकपा प्रदेश इन्चार्ज चन्द्रबहादुर शाहीबीच छलफल जारी
छ ।

नेकपा प्रदेश इन्चार्ज शाहीका अनुसार मन्त्रालय भागबन्डा नटुङ्गिएकाले मुख्यमन्त्रीले मात्र शपथ लिएका हुन् र मन्त्रिपरिषद्ले पूर्णता पाउन अझै केही दिन लाग्न सक्छ ।



मन्त्रालय भागबन्डामा एमाले र नेकपाको आ-आफ्नै अडान

कर्णाली सरकारको शक्ति सन्तुलनलाई लिएर सत्ता साझेदार दुई दल नेकपा र एमालेबीच छुट्टाछुट्टै दाबी र अडान कायम छन् । सत्ताको नेतृत्व पाएको नेकपाले मुख्यमन्त्रीबाहेक दुवै दलले ३/३ वटा मन्त्रालय बाँडफाँट गर्नुपर्ने प्रस्ताव अघि सारेको छ । तर एमालेले भने विगतको परम्परा र नजिरलाई आधार मान्दै आफूले ४ वटा मन्त्रालय पाउनुपर्ने अडान राखेको छ । एमाले प्रदेश सांसद विनोदकुमार शाहका अनुसार यसअघि कांग्रेस सरकारमा रहँदा पाएका मन्त्रालयहरू (आर्थिक मामिला, सामाजिक विकास, उद्योग/पर्यटन/वन र जलस्रोत/ऊर्जा) अहिले एमालेले पाउनुपर्ने प्रस्ताव गरिएको छ । कानुन मन्त्रालय मुख्यमन्त्री कार्यालयमै गाभिएकाले त्यहाँ अधिकार धेरै रहेको भन्दै एमालेले ४ मन्त्रालयमै अडान दोहोऱ्याएको छ । एमालेले अडान नछाडेमा नेकपाको भागमा भौतिक पूर्वाधार र कृषि मन्त्रालय मात्र पर्ने देखिन्छ ।

पदभार ग्रहणसँगै तीन निर्णयमा हस्ताक्षर

प्रदेश प्रमुखको कार्यालयमा शपथ लिएलगत्तै नवनियुक्त मुख्यमन्त्री शाहीले मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेर पदभार ग्रहण गरेका
छन् ।

पदभार ग्रहणका क्रममा उनले कर्णाली प्रदेशको विकास, शासकीय सुधार र विपद् व्यवस्थापनसँग सम्बन्धित तीनवटा मुख्य निर्णयहरूमा हस्ताक्षर गरेका
छन् ।

जसमा आयोजना ट्र्याकिङ सिस्टमको स्थापना गर्ने, सेवा प्रवाहमा शासकीय सुधार ल्याउने र विपद् व्यवस्थापन तथा 'क्विक रेस्पोन्स' लाई जोड दिने रहेका छन । शाही संविधानको धारा १६८ को उपधारा (२) बमोजिम कर्णालीको पाँचौं मुख्यमन्त्री बनेका हुन ।

४० सदस्यीय प्रदेश सभामा बहुमतका लागि २१ सिट आवश्यक पर्नेमा उनलाई नेकपाका १४ र एमालेका १० गरी २४ सांसदको समर्थन
छ ।

को हुन् मुख्यमन्त्री शाही

२०२५ साल भदौ १६ गते मुगुको सोरु गाउँपालिका-६ मा जन्मिएका शाहीको राजनीतिक यात्रा अनेर स्ववियुबाट सुरु भएको हो ।

नेपाल ल क्याम्पसबाट उच्च शिक्षा हासिल गरेपछि मुगु फर्किएर उनले १३ वर्षसम्म १६ वटा विद्यालयमा अध्यापन गराए ।

शिक्षणका क्रममा राजनीतिक प्रतिशोधका कारण सरुवा र हिरासत भोगेपछि २०५८ साल भदौमा जागिर छाडेर उनी माओवादी जनयुद्धमा 'होलटाइमर' बनेका थिए ।

२०५९ मा डोल्पाको माझफाल घटनामा ७ सहयात्री गुमाएका उनी आफ्नो जीवनलाई 'नाफाको जिन्दगी' मान्छन् । २०६४ मा मुगुको डीसीएस र २०६५ मा जिल्ला इन्चार्ज बनेका उनी हाल नेकपाको केन्द्रीय सदस्य हुन् । २०७९ को चुनावमा मुगु (२) बाट पहिलो पटक निर्वाचित भई उनी यसअघि भौतिक पूर्वाधार मन्त्री भइसकेका छन् ।

अकस्मात खुलेको मुख्यमन्त्रीको बाटोसंसदीय राजनीतिमा प्रवेश गर्दा मुख्यमन्त्री बन्ने कल्पनासमेत नगरेका शाहीका लागि परिस्थिति अनुकूल बन्दै गयो ।

माओवादी र एकीकृत समाजवादीबीच पार्टी एकता भएपछि असन्तुष्टि जनाउँदै तत्कालीन दल नेता राजकुमार शर्माले बाँकी पृष्ठ २

सरकार र चिकित्सकबीच पाँच बुँदे सहमति, आन्दोलन स्थगित

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १३ साउन

स्वास्थ्यकर्मीमाथि भएका कुटपिट तथा दुर्व्यवहारका घटनापछि उत्पन्न विवाद समाधानका लागि सरकार र नेपाल चिकित्सक संघबीच पाँच बुँदे सहमति भएको
छ ।

बुधबार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा नेपाल चिकित्सक संघका पदाधिकारीबीच भएको छलफलपछि सहमतिपत्रमा हस्ताक्षर गरिएको हो ।

सहमतिअनुसार सरकारले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ ।



ऐनमा रहेका व्यवस्थालाई कार्यान्वयन गर्न आवश्यक निर्देशिका छिट्टै तयार गर्ने, स्वास्थ्य संस्थामा हुने तोडफोड तथा स्वास्थ्यकर्मीमाथि हुने आक्रमणका घटनामा कानुनी कारबाही प्रभावकारी बनाउने तथा सम्बन्धित मन्त्रालयबीच आवश्यक समन्वय गर्ने सहमति भएको छ ।

यस्तै, स्वास्थ्य संस्थाको सुरक्षा सुनिश्चित गर्न कार्ययोजना तयार गरी नेपाल चिकित्सक संघसँगको सहकार्यमा एक कार्यदल गठन गर्ने र कार्यान्वयनको प्रगति नियमित समीक्षा गर्ने पनि सहमतिमा उल्लेख छ ।

सहमतिपछि नेपाल चिकित्सक संघले जारी राखेको आन्दोलनका सबै कार्यक्रम तत्कालका लागि स्थगित गर्दै नियमित स्वास्थ्य सेवा सञ्चालन गर्ने सहमति भएको छ ।

पत्रकारितालाई सामाजिक उत्तरदायित्वसँग जोड्ने अभ्यास :

भत्ताको रकमबाट अक्षय कोष

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १३ साउन

नेपाल पत्रकार महासंघ शाखा सुर्खेतका निवर्तमान अध्यक्ष सुशीलराज शर्माले एक लाख रुपैयाँको 'श्रीमनु पत्रकारिता पुरस्कार' अक्षय कोष स्थापना गरेका छन् ।

आफू अध्यक्ष रहँदा प्राप्त गरेको भत्ताको रकममा थप रकम मिसाएर उनले अक्षय कोष स्थापना गरेका हुन् । व्यक्तिगत लाभका रूपमा लिन सकिने रकमलाई पत्रकारिताको संस्थागत विकास र सामाजिक उत्तरदायित्वसँग जोड्दै उनले सुरु गरेको यो पहललाई पत्रकारिता क्षेत्रमा अनुकरणीय अभ्यासका रूपमा हेरिएको छ ।



शर्माले आफ्नी छोरी श्रीमनु अधिकारीको पहिलो जन्मोत्सवको अवसर पारेर बुधबार उक्त अक्षय कोष स्थापनाको घोषणा गरेका हुन् । बालबालिकाको हक, अधिकार, शिक्षा, स्वास्थ्य, संरक्षण तथा समग्र बालमैत्री विषयमा निरन्तर कलम चलाउने पत्रकारलाई हरेक वर्ष यो पुरस्कार प्रदान गरिनेछ कोषबाट प्रदान गरिने 'श्रीमनु पत्रकारिता पुरस्कार' प्रत्येक वर्ष साउन १३ गते, श्रीमनुको जन्मदिनको अवसरमा वितरण गरिने व्यवस्था गरिएको उनले बताए । पुरस्कार छोरीकै जन्मदिनलाई सामाजिक योगदानसँग जोड्ने उद्देश्यले स्थापना गरिएको उनको भनाइ छ ।

'विशेषत हरेक वर्ष श्रीमनु अधिकारीकै हातबाट उत्कृष्ट पत्रकारलाई सम्मान गरिने व्यवस्था गरिएको छ' उनले भने, 'जसले पुरस्कारलाई अझ अर्थपूर्ण र भावनात्मक बनाउने विश्वास गरिएको छ ।' अक्षय कोषको संरक्षण तथा व्यवस्थापन काक्रेविहार मिडिया प्रालि र पत्रकार शर्माले संयुक्त रूपमा गर्नेछन् । कोषको दीर्घकालीन सञ्चालन र पारदर्शितालाई सुनिश्चित गर्ने गरी यसको संरचना तयार गरिएको जनाइएको छ ।

शर्मा २०८१ सालमा सम्पन्न नेपाल पत्रकार महासंघ सुर्खेत शाखाको निर्वाचनमा प्रेस चौतारी नेपाल र बाँकी पृष्ठ २

सम्पादकीय

सत्ता परिवर्तनको श्रृंखलाले जनता आजित

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र नेकपा एमालेबीचको सहमति अनुसार नेकपा संसदीय दलका नेता मंगलबहादुर शाही कर्णाली प्रदेशको पाँचौं मुख्यमन्त्री नियुक्त भएका छन् । प्रदेश प्रमुखबाट संविधानको धारा १६८ (२) बमोजिम २४ जना सांसदको समर्थनसहित शाहीले नयाँ सरकारको नेतृत्व सम्हालेका छन् । निवर्तमान मुख्यमन्त्री यामलाल कँडेलको राजीनामापछि विकसित यो राजनीतिक घटनाक्रमले कर्णालीमा केन्द्रीय समीकरण कार्यान्वयनको बाटो त खोलेको छ, तर प्रदेशको दीर्घकालीन राजनीतिक स्थायित्वमाथि भने पुनः प्रश्न चिह्न खडा गरेको छ । काठमाडौंमा शीर्ष नेताहरूबीच हुने शक्ति सन्तुलन र भागबन्डाका आधारमा प्रदेश सरकारहरूको भविष्य तय हुने विकृत परिपाटी कर्णालीमा फेरि दोहोरिएको छ । सत्ता हस्तान्तरणका क्रममा एमालेभित्र देखिएको असन्तुष्टि र निवर्तमान मुख्यमन्त्रीको अनिच्छाले यो गठबन्धन जगैदेखि कति कमजोर छ भन्ने संकेत गर्दछ ।

बारम्बारको सत्ता फेरबदलका कारण कर्णालीका विकास आयोजनाहरु ठप्प हुने, बजेट कार्यान्वयन फितलो बन्ने र प्रशासनिक संयन्त्र सुस्त हुने समस्या नागरिकले वर्षौंदेखि भोग्दै आएका छन् । मुगुबाट निर्वाचित तथा पूर्व मन्त्री भइसकेका नवनियुक्त मुख्यमन्त्री शाहीका लागि अबको यात्रा सहज छैन । गठबन्धनभित्र शक्ति सन्तुलन कायम राख्नु, मन्त्रालयको भागबन्डा मिलाउनु र साझा न्यूनतम कार्यक्रम बनाएर अघि बढ्नु उनका प्रारम्भिक चुनौती हुन् । तर तीभन्दा पनि ठूलो चुनौती राजनीतिक अस्थिरताबाट आजित कर्णालीका जनतामा आशा जगाउनु र सुशासन कायम गर्नु हो ।

भौगोलिक रूपमा विकट कर्णालीका लागि पूर्वाधार विकास, रोजगारी सिर्जना, र सेवा प्रवाहलाई चुस्त बनाउनु नयाँ सरकारको पहिलो प्राथमिकता हुनुपर्छ । केन्द्रको निर्णयलाई बाध्यकारी मानेर बनेको यो सरकार केवल सत्ताको जोडघटाउ र मन्त्री पदको बाँडफाँटमा मात्र सीमित हुनु हुँदैन । कर्णालीका राजनीतिक दलहरूले केन्द्रीय सत्ताको क्रिडास्थल मात्र बन्न छाडेर प्रादेशिक स्वायत्तता र जनआकांक्षालाई केन्द्रमा राख्न आवश्यक छ । नवगठित सरकारले गठबन्धनको आन्तरिक खिचातानीबाट माथि उठेर यदि परिणाममुखी काम गर्न सकेन भने कर्णालीमा दोहोरिरहने सरकार परिवर्तनको यो श्रृंखला जनताका लागि थप निराशाजनक साबित हुनेछ । नयाँ मुख्यमन्त्री शाही र सत्ता साझेदार एमालेले अब राजनीतिक परिपक्वता देखाउँदै कर्णालीको विकासमा इमानदार प्रयास गर्नैपर्छ ।

अस्थिर राजनीति र प्रदेश शासनको परीक्षा



✍ लोकनाथ घिमिरे

नेपालको संविधान-२०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै राज्यशक्तिको पुनर्संरचना मार्फत शासनलाई नागरिकको नजिक पुऱ्याउने ऐतिहासिक लक्ष्य तय गऱ्यो । सिंहदरबारमा केन्द्रित अधिकार प्रदेश र स्थानीय तहमा बाँडफाँट गर्दै समावेशी विकास, सन्तुलित स्रोत वितरण, पहिचानको सम्मान र जनउत्तरदायी शासन स्थापना गर्नु संघीयताको मूल मर्म थियो ।

यही उद्देश्य अनुरूप २०७४ सालको निर्वाचनपछि सातवटै प्रदेशमा सरकार गठन भयो र नेपालको संघीय शासन प्रणाली व्यवहारिक कार्यान्वयनमा प्रवेश गऱ्यो । आठ वर्षपछि संघीयताको यात्रालाई फर्केर हेर्दा मिश्रित तस्वीर देखिन्छ । एकातिर प्रदेश सरकारले आफ्नै संसद, सरकार, कानुन निर्माण प्रक्रिया, प्रदेश लोकसेवा आयोग, नीति तथा योजना आयोग तथा प्रशासनिक संरचना विकास गर्दै संघीय शासनको संस्थागत आधार निर्माण गरेका छन् । अर्कोतर्फ, बारम्बारको सरकार परिवर्तन, मुख्यमन्त्री फेरबदल, मन्त्रिपरिषद् विस्तार, केन्द्रको राजनीतिक हस्तक्षेप, प्रदेश प्रमुखसम्बन्धी विवाद, अपूर्ण कानुनी तथा प्रशासनिक संरचना र वित्तीय निर्भरताले प्रदेश शासनको प्रभावकारितामाथि गम्भीर प्रश्न खडा गरेको छ ।

संघीयताको आठ वर्षमा प्रदेश सरकारबारे दुई परस्परविरोधी धारणा विकसित भएका छन । एउटा धारणा प्रदेश संरचनालाई लोकतान्त्रिक विकेन्द्रीकरणको अपरिहार्य आधार मान्छ भने अर्कोले यसलाई राजनीतिक भागबण्डा, मन्त्री उत्पादन र राज्यको आर्थिक भार बढाउने संयन्त्रका रूपमा चित्रण गर्छ । तर यी दुवै धारणाबीच एउटा तथ्य निर्विवाद छ–प्रदेश सरकारको सफल वा असफलताको मूल्याङ्कन भावना वा पूर्वाग्रहका आधारमा होइन, तथ्य, संविधान र आठ वर्षको व्यवहारिक अनुभवका आधारमा हुनुपर्छ ।

यस अवधिमा प्रदेशमा सरकार परिवर्तनको गति नागरिकको अपेक्षाभन्दा तीव्र रह्यो । गठबन्धन फेरिए, सरकार फेरिए; केन्द्रमा सत्ता समीकरण बदलिँदा प्रदेशको नेतृत्व पनि बदलियो । कतिपय प्रदेशमा एउटै कार्यकालमै पटक-पटक मुख्यमन्त्री परिवर्तन भए । मन्त्रालय थपिए, विभाजन भए र फेरि पुनर्गठन गरिए । सरकार सञ्चालनभन्दा सरकार जोगाउने राजनीतिक अभ्यास बढी सक्रिय देखियो । यसको प्रत्यक्ष प्रभाव नीति निरन्तरता, विकास आयोजना, प्रशासनिक स्थायित्व र नागरिकको विश्वासमा परेको छ ।

तर यसको अर्थ संघीयता असफल भयो भन्ने होइन । कुनै पनि संघीय शासन प्रणाली एक दशकभित्र परिपक्व हुँदैन । भारत, जर्मनी, क्यानडा र अष्ट्रेलियाजस्ता संघीय लोकतन्त्रिक देशहरूले पनि आफ्नो संस्थागत संस्कार विकास गर्न दशकौं खर्च गरेका छन । नेपालको चुनौती संरचनाभन्दा कार्यान्वयनमा केन्द्रित छ । त्यसैले आजको बहस प्रदेश आवश्यक छ कि छैन भन्नेमा सीमित हुनु हुँदैन; बरु संविधानले परिकल्पना गरेको प्रदेश शासन किन अपेक्षित रूपमा प्रभावकारी हुन सकेन भन्ने प्रश्नमा केन्द्रित हुनुपर्छ । प्रदेश सरकारको आठ वर्षे अनुभवले एउटा स्पष्ट सन्देश दिएको छ–संविधानले अधिकार बाँडफाँट गर्न सक्छ, संस्था निर्माण गर्न सक्छ र शासनको ढाँचा तय गर्न सक्छ; तर ती संस्थालाई जीवन्त बनाउने काम राजनीतिक संस्कृति, नेतृत्वको उत्तरदायित्व र लोकतान्त्रिक अभ्यासले मात्र गर्न सक्छ । त्यसैले प्रदेश सरकारको समीक्षा गर्दा सरकार परिवर्तनको संख्या मात्र होइन, त्यसका कारण, प्रभाव र सुधारका सम्भावनाको पनि विश्लेषण आवश्यक छ ।

अस्थिरताको अंकगणित : तथ्याङ्कले के भन्छ ?

प्रदेश सरकारको आठ वर्षे यात्रालाई तथ्याङ्कका आधारमा हेर्दा राजनीतिक अस्थिरता यसको प्रमुख विशेषताका रूपमा देखिन्छ । २०७४ यता सातै प्रदेशमा ३४ जना व्यक्ति ४२ पटक मुख्यमन्त्री बनेका छन् भने ३८९ जना व्यक्ति ५१० पटक मन्त्री (मुख्यमन्त्रीसहित) नियुक्त भएका छन् । कोशी प्रदेशमा मात्र ४० जना व्यक्ति ६५ पटक, मधेशमा ६६ जना ८३ पटक र बागमतीमा ८३ जना ९५ पटक मन्त्री बनिसकेका छन् । यी तथ्याङ्कले सरकार र मन्त्रिपरिषद्को निरन्तर पुनर्गठन प्रदेश राजनीतिमा अपवाद नभई नियमित अभ्यास बनेको देखिन्छ । यसको प्रभाव नीति निरन्तरता, प्रशासनिक स्थायित्व, विकास आयोजना कार्यान्वयन तथा सार्वजनिक सेवा प्रवाहमा परेको छ । त्यसैले संघीयताको सफलताको मापन सरकार वा मन्त्री कति पटक फेरिए भन्ने आधारमा होइन, ती परिवर्तनले नागरिकको जीवनमा कस्तो परिणाम दिए भन्ने आधारमा हेरिनु पर्दछ ।

प्रदेशगत अवस्थाले पनि फरक चित्र प्रस्तुत गर्छ । कोशी प्रदेश सबैभन्दा बढी राजनीतिक अस्थिरता भोग्ने प्रदेश बनेको छ । बारम्बारको गठबन्धन परिवर्तन, विश्वासको मत, दल विभाजन र संवैधानिक विवादले कोशीलाई संघीय अभ्यासको सबैभन्दा जटिल प्रयोगशाला बनायो । गण्डकी र लुम्बिनीमा पनि सरकार गठनको उच्च आवृत्तिले सत्ता समीकरणले नीतिगत स्थायित्वमाथि प्रभाव पारेको संकेत गर्छ । यसको विपरीत मधेश प्रदेश तुलनात्मक रूपमा स्थिर देखिए पनि शासनका आफ्नै संरचनागत चुनौतीबाट मुक्त रहन सकेन । सरकार परिवर्तनसँगै मन्त्रिपरिषद्को पुनर्गठन पनि निरन्तर दोहोरियो । मन्त्रालय थप्ने, घटाउने, विभाजन गर्ने वा सत्ता सन्तुलन मिलाउन मन्त्री नियुक्त गर्ने अभ्यासले प्रदेश सरकारको प्राथमिकता नीति कार्यान्वयनभन्दा राजनीतिक व्यवस्थापनमा केन्द्रित भएको आलोचना बलियो बनाएको छ । सरकार परिवर्तन लोकतान्त्रिक प्रक्रियाको स्वाभाविक पक्ष हो । बारम्बारको सरकार परिवर्तनले नीति निरन्तरता, प्रशासनिक स्थायित्व र विकास आयोजनाको प्रभावकारितामा प्रत्यक्ष असर पार्दछ । राजनीतिक अस्थिरताको अर्को सूचक प्रदेश प्रमुखको भूमिका पनि रह्यो । संविधानतः दलगत राजनीतिभन्दा माथिको संवैधानिक संस्थाका रूपमा परिकल्पना गरिएको प्रदेश प्रमुखको नियुक्ति र सरकार गठनसम्बन्धी कतिपय निर्णय राजनीतिक विवादमा तानिए । केही विषय सर्वोच्च अदालतसम्म पुग्नुले संघीय अभ्यास अझै संस्थागत परिपक्वताको चरणमै रहेको देखाउँछ । तर यी तथ्याङ्कको निष्कर्ष प्रदेश सरकार असफल भए भन्ने होइन । बरु यसले एउटा गम्भीर प्रश्न उठाउँछ–किन एउटै संवैधानिक संरचनाले कतै तुलनात्मक स्थिरता र कतै निरन्तर अस्थिरता उत्पादन गरिरहेको छ? यसको उत्तर व्यक्तिको क्षमताभन्दा राजनीतिक दलको व्यवहार, गठबन्धन संस्कार, केन्द्र-प्रदेश सम्बन्ध र संघीयताको कार्यान्वयन शैलीमा खोज्नुपर्दछ ।

अस्थिरताको जरो : संरचनामा होइन, राजनीतिक संस्कृतिमा

प्रदेश सरकारको आठ वर्षे अनुभवले एउटा स्पष्ट निष्कर्ष दिन्छ, नेपालको समस्या संघीय संरचनामा भन्दा त्यसलाई सञ्चालन गर्ने राजनीतिक संस्कृतिमा बढी छ । संविधानले प्रदेशलाई कानुन बनाउने, सरकार सञ्चालन गर्ने र आफ्नै नीति निर्माण गर्ने अधिकार दिएको छ । तर व्यवहारमा प्रदेशको राजनीतिक भविष्य प्रायः काठमाडौंको सत्ता समीकरणले निर्धारण गर्ने गरेको छ । केन्द्रमा गठबन्धन फेरिनासाथ प्रदेशमा पनि सरकार फेरिने क्रमले प्रदेशसभाको स्वायत्त भूमिका कमजोर बनायो । परिणामतः प्रदेश सरकार संविधानले परिकल्पना गरेको स्वशासित तहभन्दा केन्द्रको राजनीतिक प्रभाव विस्तार गर्ने माध्यमजस्तो देखिन थाल्यो । प्रदेश प्रमुखको भूमिकाले पनि यही बहसलाई थप गहिरो बनायो । प्रदेश प्रमुख संविधानको निष्पक्ष संरक्षक हुनुपर्ने अपेक्षा गरिए पनि नियुक्ति प्रक्रिया र सरकार गठनसम्बन्धी निर्णयहरू बारम्बार राजनीतिक विवादमा तानिए । यसले संवैधानिक संस्थाप्रतिको विश्वासमा असर पुऱ्याएको छ । संवैधानिक पदको विश्वसनीयता राजनीतिक पृष्ठभूमिबाट होइन, निष्पक्ष संवैधानिक अभ्यासबाट स्थापित हुन्छ भन्ने तथ्यलाई अब व्यवहारमै पुष्टि गर्नुपर्ने आवश्यकता देखिएको छ ।

अपूर्ण संघीयता : कानुन, कर्मचारी र वित्तीय अधिकारको गाँठो

राजनीतिक अस्थिरताजत्तिकै गम्भीर चुनौती संघीयताको अपूर्ण कार्यान्वयन पनि हो । संविधानले संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँट गरे पनि ती अधिकार कार्यान्वयनका लागि आवश्यक कानुनी, प्रशासनिक र वित्तीय आधार समयमै तयार हुन सकेन ।

दैलेखमा घरमै पुग्यो राहदानी, एक सय एक सेवाग्राही लाभान्वित

❐ काँक्रेविहार संवाददाता

दैलेख, १३ साउन

जिल्लामा सरकारी सेवा प्रवाहलाई सहज बनाउने उद्देश्यले सञ्चालन गरिएको 'घरमै राहदानी वितरण सेवा' प्रभावकारी बन्दै गएको छ । जिल्ला प्रशासन कार्यालय दैलेख र जिल्ला हुलाक कार्यालयको समन्वयमा सुरु गरिएको सेवामार्फत हालसम्म जिल्लाका ११ वटै स्थानीय तहका एक सय एक जना सेवाग्राहीले घरमै राहदानी प्राप्त गरेका छन् ।

नेपाल सरकारको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची अन्तर्गत सरकारी सेवा नागरिकको घरदैलोसम्म पुऱ्याउने लक्ष्यसहित जिल्ला हुलाक कार्यालय



दैलेखले गत जेठ २२ गतेदेखि यो सेवा सुरु गरेको हो । कार्यालयका अनुसार राहदानी तयार भएका सेवाग्राहीको विवरण सङ्कलन गरी सुरक्षित रूपमा घरमै पुऱ्याउने काम भइरहेको छ । जिल्ला हुलाक कार्यालयले जिल्लाभर रहेका पालिकास्तरीय हुलाक कार्यालयमार्फत सेवा वितरणको जिम्मेवारी तोकेको छ । आवश्यक तालिम र निर्देशनपछि हुलाक कर्मचारीमार्फत सेवाग्राहीको ठेगानामै राहदानी पुऱ्याउने व्यवस्था गरिएको कार्यालयले जनाएको छ । जिल्ला हुलाक कार्यालय प्रमुख निर्मला थापाले घरमै राहदानी उपलब्ध हुँदा नागरिकको समय र खर्च दुवै बचत भएको बताए । उनले यस सेवाले सरकारी सेवा लिन सदरमुकाम वा प्रशासन कार्यालयसम्म पटक-पटक धाउनुपर्ने बाध्यता हटाएको उल्लेख गरे । सरकारले राहदानीसँगै नागरिकताको प्रतिलिपि, सवारी चालक अनुमतिपत्रलगायत अन्य आवश्यक सरकारी कागजात पनि हुलाकमार्फत नागरिकको घरसम्म पुऱ्याउने व्यवस्था विस्तार गर्दै लगेको उनले जानकारी दिए ।

घरमै राहदानी प्राप्त गर्न चाहने सेवाग्राहीले हुलाक शुल्कबापत ५५ रुपैयाँ बराबरको टिकट खर्च व्यहोर्नुपर्ने व्यवस्था गरिएको छ । दुर्गम क्षेत्रका नागरिकलाई लक्षित गरी सुरु गरिएको यो सेवाले सरकारी सेवा प्रवाहलाई थप नागरिकमैत्री बनाउने अपेक्षा गरिएको छ ।

भत्ताको...

नेपाल प्रेस युनियनको चुनावी गठबन्धनलाई कडा प्रतिस्पर्धा दिँदै बराबर मत प्राप्त गरेका थिए । त्यसपछि भएको प्रक्रियामार्फत उनी पहिलो कार्यकालका लागि शाखा अध्यक्ष बनेका थिए । करिब डेढ वर्षको कार्यकालमा प्राप्त भत्तालाई व्यक्तिगत प्रयोजनमा खर्च नगरी पत्रकारिताको विकासमा लगानी गर्ने निर्णयले उनको नेतृत्व शैलीलाई फरक ढंगले चिनाएको छ । पत्रकारिता समाचार संकलन र सम्प्रेषणमा सीमित नभई समाजप्रति उत्तरदायी पेशा भएको सन्देश दिन यो अक्षय कोष स्थापना गरिएको उनले बताए । विशेष गरी बालबालिकासम्बन्धी मुद्दा अझै पनि सञ्चारमाध्यममा अपेक्षित प्राथमिकतामा नपुगेको अवस्थामा यस्तो पुरस्कारले यस क्षेत्रमा खोजमूलक, तथ्यपरक र प्रभावकारी पत्रकारितालाई प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ ।

व्यक्तिगत अवसरलाई सामाजिक अभियानसँग जोड्ने यो अभ्यासले पत्रकारितामा सकारात्मक प्रतिस्पर्धा, बालअधिकारप्रति संवेदनशील समाचार उत्पादन र पुरस्कार संस्कृतिलाई संस्थागत बनाउन योगदान पुग्ने विश्वास गरिएको छ । सुर्खेतबाट सुरु भएको यो पहल आगामी दिनमा अन्य मिडिया हाउस, पत्रकार तथा सञ्चारकर्मीका लागि पनि प्रेरणादायी उदाहरण बन्न सक्ने अपेक्षा गरिएको छ ।


को हुन्...

राजीनामा दिएर प्रलोपामा लागेपछि दलको नेता पद खाली भएको थियो ।

गत माघ ३ गते बसेको बैठकले शाहीलाई दलको नेता चयन गऱ्यो । प्रमुख प्रतिपक्षी दलको नेताको भूमिकामा रहेका शाही दलको नेता बनेको ५ महिना र संसदीय राजनीतिमा छिरेको ४ वर्षभित्रै कर्णालीको मुख्यमन्त्री बन्न सफल भएका छन् ।

अब गठबन्धनभित्रका दलहरूलाई मिलाएर मन्त्रिपरिषद्लाई पूर्णता दिनु शक्ति सन्तुलन कायम राख्नु र कर्णालीको विकासलाई गति दिनु उनका मुख्य चुनौती हुन् ।

नेपाली सेनाले पुनः सुरु गऱ्यो ट्याक खोल्ने काम



❐ काँक्रेविहार संवाददाता

हुम्ला, १३ साउन

कर्णाली करिडोर अन्तर्गत कालीकोटको खुलालुदेखि हुम्लाको सलीसल्ला जोड्ने सडकखण्डमा पर्ने घाटाचौर-भुक्का खोलाको चट्टानी भीरमा सडक ट्याक खोल्ने काम नेपाली सेनाले पुनः सुरु गरेको छ।

अघिल्लो आर्थिक वर्षको लक्ष्य समयअघि नै पूरा भएपछि केही समय रोकिएको निर्माण कार्य नयाँ आर्थिक वर्षको बजेट निकासासँगै साउन तिन गतेदेखि पुनः सञ्चालनमा आएको नेपाली सेनाको कर्णाली करिडोर सडक निर्माण कार्यदल रातादाँडाले जनाएको छ।

कार्यदलका प्रमुख प्राविधिक सेनानी सुकप्रसाद थकालीका अनुसार गत आर्थिक वर्ष २०८२/८३ मा पाँच सय मिटर सडक ट्याक खोल्ने लक्ष्य जेठ महिनामै पूरा गरिएको थियो।

चालु आर्थिक वर्षमा बाँकी ३.५ किलोमिटर सडक ट्याक खोल्ने लक्ष्य राखिएको छ। घाटाचौरदेखि बद्री गाउँ हुँदै भुक्का खोलासम्मको कुल ११.५ किलोमिटर सडकमध्ये हालसम्म आठ किलोमिटर ट्याक निर्माण सम्पन्न भइसकेको छ।

बाँकी खण्ड चट्टानी भीर, लामो दूरी तथा धेरै घुम्ती भएकाले सडक विभागको सिफारिसमा नेपाल सरकारले निर्माणको जिम्मेवारी नेपाली सेनालाई दिएको हो।

सेनाका अनुसार चारदेखि पाँच मिटर चौडाइको ट्याक निर्माण सम्पन्न भएपछि ट्याक्टर तथा अन्य निर्माण उपकरण सञ्चालन गर्न सहज हुनेछ। आर्थिक वर्ष २०८४/८५ भित्र सडक विस्तारको सम्पूर्ण काम सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गर्ने लक्ष्य राखिएको छ।

सरकारले आर्थिक वर्ष २०७८/७९ मा उक्त सडक निर्माणको जिम्मा नेपाली सेनालाई दिएको थियो। हालसम्म सेनाले जिम्मा पाएको निर्माण कार्यमध्ये ७३.९१ प्रतिशत काम सम्पन्न भएको जनाएको छ।

यसअघि सुस्त गतिमा अघि बढिरहेको निर्माण कार्य कर्णाली करिडोरको हुम्ला खण्डको सडक सम्पन्न भएपछि तीव्र बनाइएको हो। हाल निर्माण भइसकेको आठ किलोमिटर सडकमध्ये करिब ६० देखी ७० प्रतिशत भागमा चट्टान विस्फोट गरेर ट्याक खोलिएको छ भने सडकको औसत चौडाइ पाँचदेखि छ मिटर रहेको छ। हाल प्रयोगमा रहेको घाटाचौर-भुक्का सडक उकालो-ओरालो र लामो भएकाले यात्रा गर्न बढी समय लाग्ने गरेको छ। नयाँ सडक निर्माण सम्पन्न भएपछि यात्रा समय करिब ४५ मिनेटदेखि एक घण्टासम्म घट्ने अपेक्षा गरिएको सेनाले जनाएको छ। कर्णाली नदीको किनार हुँदै निर्माण भइरहेको यो सडक सम्पन्न भएपछि कर्णाली करिडोरमा यातायात सेवा थप सहज र सुरक्षित हुने विश्वास गरिएको छ।

तीन दिनदेखि नेपाल टेलिकम सेवा प्रभावित



❐ काँक्रेविहार संवाददाता

डोल्पा, १३ साउन

रुकुम पश्चिमको आठबीसकोट नगरपालिका १४ राडी क्षेत्रमा नेपाल टेलिकमको अप्टिकल फाइबर नेटवर्कमा आएको प्राविधिक समस्याका कारण डोल्पाका अधिकांश दूरसञ्चार सेवा तीन दिनदेखि प्रभावित भएका छन्।

फाइबर लाइन अवरुद्ध हुँदा जिल्लाका विभिन्न स्थानीय तहमा फोन, इन्टरनेट तथा डाटा सेवा प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन।

नेपाल टेलिकम डोल्पाका कार्यालय प्रमुख दयाविक्रम केसीका अनुसार करबगाड क्षेत्रमा दुईवटा विद्युत तथा दूरसञ्चार पोल ढलेपछि अप्टिकल फाइबर तार काटिएको हो।

फाइबर ब्याकबोनमा क्षति पुगेपछि त्यसमार्फत सञ्चालित सम्पूर्ण सेवा प्रभावित भएको उनले जानकारी दिए। उनका अनुसार जाजरकोटबाट प्राविधिक टोली घटनास्थलमा पुगेर मर्मत कार्य गरिरहेको छ।

मौसमले साथ दिएमा आज साँझसम्म सेवा पुनः सञ्चालनमा ल्याउने लक्ष्य रहेको टेलिकमले जनाएको छ। फाइबर नेटवर्क अवरुद्ध भएपछि ठूलीभेरी नगरपालिका, जुफाल, त्रिपुरासुन्दरी लगायतका क्षेत्रमा दूरसञ्चार सेवा ठप्पजस्तै बनेको छ।

टेलिकमले हाल वैकल्पिक रूपमा रेडियो लिंकमार्फत सेवा सञ्चालन गरिरहेको भए पनि यसको क्षमता सीमित भएकाले इन्टरनेटको गति सुस्त भएको, फोन सम्पर्क पटक-पटक विच्छेद हुने तथा डाटा सेवा पनि अस्थिर बनेको सेवाग्राहीले बताएका छन्।

डोल्पाजस्तो दुर्गम हिमाली जिल्लामा अधिकांश सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, स्वास्थ्य सेवा, शैक्षिक संस्था, सुरक्षा निकाय र सर्वसाधारणको सञ्चार सेवा एउटै फाइबर ब्याकबोनमा निर्भर रहने भएकाले यस्तो अवरोधले दैनिक जनजीवनमा प्रत्यक्ष असर परेको छ।

सेवाग्राहीले यथाशीघ्र मर्मत सम्पन्न गरी नियमित सेवा सञ्चालन गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

नेपाल टेलिकमले क्षतिग्रस्त पूर्वाधारको मर्मतलाई प्राथमिकताका साथ अघि बढाइएको जनाउँदै सेवा छिट्टै पूर्ण रूपमा सुचारु हुने विश्वास व्यक्त गरेको छ।

सुनसरी घटनाको छानबिन समितिमा सरकारद्वारा दुई सदस्य थप



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १२ साउन

सरकारले सुनसरीमा भएको घटनाका सम्बन्धमा छानबिन गर्न गठित समितिमा दुई सदस्य थप गरेको छ। गृह मन्त्रालयले बुधबार सचिवस्तरीय निर्णय गर्दै समितिमा ब्यालिस्टिक र फरेन्सिक हेर्ने गरी प्रहरी निरीक्षक दिपेश अवस्थी र प्रहरी नायब उपरीक्षक मोहनसिंह धामीलाई सदस्यका रूपमा नियुक्त गरिएको मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए।

सरकारले उक्त घटनाका सम्बन्धमा छानबिन गर्न गत सोमबार गृह मन्त्रालयका सहसचिव भुपेन्द्र थापाको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको थियो। मन्त्रालयले समितिलाई घटनाको प्रतिवेदन यथाशीघ्र बुझाउन निर्देशनसमेत दिइएको जनाएको छ। 'मन्त्रालयले सुनसरीलगायतका अन्य जिल्लामा सोही प्रकृतिको घटना घट्न नदिनका लागि पूर्वतयारीसमेत सुरु गरेको छ। यसका लागि मन्त्रालयले बाँके, कपिलवस्तु, धनुषा, सिरहा, सप्तरीलगायतका जिल्लामा शान्ति, सुव्यवस्था र आपसी सद्भाव कायम राख्न प्रमुख जिल्ला अधिकारीमार्फत आवश्यक समन्वय भइरहेको छ', उनले भने।

मन्त्रालयले उक्त क्षेत्रमा सुरक्षा अनुगमन र समन्वयलाई तीव्र पारेको छ। मन्त्रालयमा आज गृहमन्त्रीसहित सचिव र सुरक्षा निकायका प्रमुखहरूको उपस्थितिमा जिल्लागत सुरक्षा अवस्थाबारे पनि समीक्षा गरिएको छ।

मन्त्रालयले वार्ताको माध्यमबाट सुनसरीको समस्या समाधान गर्न पहल गरिरहेको र हाल सुनसरीको देवानगञ्जलगायत अन्य संवेदनशील क्षेत्रमा अवस्था सामान्य बन्दै गएको जनाएको छ।

जुम्लामा डेढ अर्ब बजेट फ्रिज

❐ काँक्रेविहार संवाददाता

जुम्ला, १३ साउन

कर्णाली प्रदेशमा बजेट अभावका कारण विकास निर्माण र सामाजिक रुपान्तरणका कामले अपेक्षित गति लिन नसकेको गुनासो भइरहेका बेला विनियोजित बजेट समेत पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको तथ्य सार्वजनिक भएको छ।

गत आर्थिक वर्ष २०८२/०८३ मा मात्रै जुम्लाबाट संघीय सरकारतर्फको करिब डेढ अर्ब रुपैयाँ बजेट खर्च हुन नसकेर फिर्ता भएको छ।

कोष तथा लेखा नियन्त्रण कार्यालय जुम्लाका अनुसार गत आर्थिक वर्षमा चालु र पुँजीगत गरी संघीय सरकार मातहतका कार्यालयका लागि विनियोजन भएको कुल सात अर्ब ६४ करोड ८७ लाख ५६ हजार सात सय ३१ रुपैयाँमध्ये छ अर्ब २१ करोड १६ लाख ७२ हजार तिन सय १८ रुपैयाँ मात्र खर्च भएको छ। यो कुल बजेटको ८१ दशमलव २१ प्रतिशत हो। खर्च हुन नसकेको एक अर्ब ४३ करोड ७० लाख ८४ हजार



चार सय १२ रुपैयाँ बजेट फिर्ता भएको कार्यालय प्रमुख मिनबहादुर घर्तीमगरले जानकारी दिए।

विवरण अनुसार पुँजीगत बजेट खर्चमा सबैभन्दा ठूलो कमी देखिएको छ। गत आर्थिक वर्षमा पुँजीगततर्फ दुई अर्ब आठ करोड २५ लाख ५६ हजार सात सय ६० रुपैयाँ विनियोजन भएकोमा एक अर्ब सात करोड ७० लाख ५२ हजार नौ सय ११ रुपैयाँ मात्रै खर्च भएको छ। पुँजीगत बजेटको झण्डै ४९ प्रतिशत अर्थात् एक अर्बभन्दा बढी रकम खर्च हुन नसकेको हो। त्यस्तै चालुतर्फ विनियोजित पाँच अर्ब ५६ करोड ६१ लाख ९९ हजार नौ सय ७१ रुपैयाँमध्ये पाँच अर्ब १३ करोड ४६ लाख १९ हजार चार सय तिन रुपैयाँ खर्च भएको छ।

चालु बजेटको करिब ४३ करोड रुपैयाँ फिर्ता भएको छ। विकासे कार्यालयहरूले जेन्जी आन्दोलन, दशैं-तिहार बिदा, जुम्लाको हिउँदे मौसमका कारण हुने लामो अवरोध तथा प्रतिनिधिसभा निर्वाचन लगायतका कारण विकास निर्माणका काम प्रभावित भएको बताएका छन्।

सडक डिभिजन कार्यालय र सघन सहरी तथा भवन निर्माण आयोजनाजस्ता बढी बजेट भएका कार्यालयको पुँजीगत खर्च न्यून हुँदा समग्र खर्च प्रतिशत प्रभावित भएको देखिएको छ।

मानव अधिकारकर्मी मानदत्त रावलले बजेट अभावको गुनासोसँगै प्राप्त बजेटलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न पनि ध्यान दिनुपर्ने बताए। विकास कार्यालयको सक्रियता र निर्माण व्यवसायीको जिम्मेवारी बढेमा बजेट कार्यान्वयनमा सुधार आउने उनको भनाइ छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

कर्णालीमा जलवायु संकट, आदिवासी र अपाङ्ग समुदाय बढी प्रभावित

काँक्रेविहार संवाददाता

सुर्खेत, १३ साउन

कर्णाली प्रदेशमा जलवायु परिवर्तनको असर सबैभन्दा बढी दलित, आदिवासी-जनजाति तथा अपाङ्गता भएका व्यक्तिहरूमाथि परेको बताइएको छ। वीरेन्द्रनगरमा भएको अपाङ्गता समावेशी जलवायु परिवर्तन तथा विपद् जोखिम पूर्वतयारी सम्बन्धी कार्यक्रमका सहभागिहरुले बढ्दो तापक्रम, अनियमित वर्षा, बाढी, डुबान र खडेरीजस्ता समस्याले जनजीवन प्रभावित बनेको भन्दै यसको सबैभन्दा ठूलो मार सामाजिक रूपमा पछाडि पारिएका समुदायमाथि परेको बताएका हुन्।मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले समेत प्रस्तुतीकरण गरेको थियो। प्रस्तुत प्रतिवेदन अनुसार नेपालमा कुल जनसंख्याको २.२ प्रतिशत अर्थात् करिब साढे छ लाख व्यक्ति कुनै न कुनै प्रकारको अपाङ्गतासँग बाँचिरहेका छन्।

राष्ट्रिय अपाङ्ग महासंघ कर्णाली प्रदेशका उपाध्यक्ष सोमना खड्काले अपाङ्गता भएका व्यक्तिप्रति अझै पनि सामाजिक, सांस्कृतिक तथा मूल्य-मान्यताविपरीत व्यवहार हुने गरेको उल्लेख गरिन उनका अनुसार विश्वभर करिब आठ अर्ब अपाङ्गता भएका व्यक्ति विभिन्न रूपमा राज्य, समाज र जलवायु परिवर्तनको असरबाट उत्पीडित छन्।

राज्यले हालसम्म उनीहरूलाई लक्षित स्पष्ट नीति तथा कार्यक्रम नल्याएको आरोप पनि उनले लगाएकी छन्। कर्णाली प्रदेशको ठूलो जनसंख्या कृषि र प्राकृतिक स्रोतमा निर्भर रहेपनि पछिल्ला वर्षहरूमा मौसमको ढाँचा असन्तुलित बन्दा बाली उत्पादन घट्नु, पानीका स्रोत सुक्नु र जीविकोपार्जन संकटमा पर्न थालेको कर्णाली प्रदेश सचिव लक्ष्मीकुमार वि.कले बताए। यसले परम्परागत रूपमा खेतीपाती र प्राकृतिक स्रोतमा आधारित जीवनयापन गर्दै आएका आदिवासी समुदायलाई प्रत्यक्ष असर पुऱ्याएको भन्दै कर्णाली प्रदेश सरकारले सोही अनुरुपको नीति कार्यान्वयनमा जोड दिएको उनले जनाए। जलवायुजन्य विपद्का बेला अपाङ्गता भएका व्यक्तिहरू दोहोरो जोखिममा पर्ने गरेको भन्दै उनले सरकारका हरेक कार्यक्रम अपाङ्गतामैत्री बन्ने गरी राखिएको जानकारी दिए। बाढी, डुबान वा अत्यधिक गर्मीका समयमा सुरक्षित स्थानमा पुग्न कठिनाइ, चेतावनी सूचना पहुँचयोग्य नहुनु तथा आपतकालीन पूर्वाधार अपाङ्गमैत्री नहुनुले थप असुरक्षित बनाएको राष्ट्रिय अपाङ्ग महासंघ कर्णाली प्रदेशका कार्यक्रम संयोजक आनन्द विष्टले बताए। वनजंगल र नदी-नालाको छेउछाउमा बसोबास गर्ने समुदायका लागि जलवायु परिवर्तनसम्बन्धी पूर्वसूचना र व्यवस्थापन गर्नुपर्ने उनको जोड रहेको छ। अपाङ्गता भएका व्यक्ति र आदिवासी-जनजातिको यथार्थ तथ्यांक संकलन गरी सोही बमोजिमका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सहभागिहरुको जोड थियो।

जलवायु परिवर्तनलाई मध्यनजर गर्दै यी समुदायका लागि छुट्टै नीति, कार्यक्रम र बजेट सुनिश्चित गर्नुपर्ने अपाङ्गता भएका सुरेश थापाले बताए।

जलवायु परिवर्तनको असर अपाङ्गता भएका व्यक्ति र आदिवासी समुदायमाथि प्रत्यक्ष रूपमा परिरहेको भन्दै उनले यसबाट बच्न र बचाउन संघ, प्रदेश र स्थानीय तहका सरकारले साझा जिम्मेवारी लिनुपर्ने जनाएका छन्। बढ्दो असर न्यूनीकरण गर्न कर्णाली प्रदेश सरकारले विभिन्न योजना र कार्यक्रम बनाएर कार्यान्वयन गर्ने गरेको प्रदेश सचिव लक्ष्मीकुमार विकले बताए। उनले यो वर्ष उक्त योजनालाई प्राथमिकताका साथ समेटिएको भन्दै जलवायु परिवर्तनका असरले नागरिक समस्यामा परेपछि सरकारले अनुकुलनका कार्यक्रम ल्याएको जानकारी दिए।

सरकारले छुट्टै कार्यक्रम नगरेर अन्य कार्यक्रमहरूमा जलवायु परिवर्तनका विषयवस्तु समेटेर कार्यान्वयन गरिरहेको छ। यो वर्षमा भने छुट्टै बजेटको व्यवस्थापन गरेर जलवायु अनुकुलनका कार्यक्रम कार्यान्वयन गर्न लागिएको सचिव वि.कले जानकारी दिए। यो वर्ष वातावरण ह्रास र जलवायु परिवर्तनबाट सिर्जित जोखिम तथा आर्थिक सामाजिक नोक्सानी न्यूनिकरण गर्न २० करोड विनियोजन गरिएको छ। कर्णाली प्रदेश जलवायु परिवर्तनको चपेटामा छ। त्यसैले प्रदेश सरकारले जलवायु अनुकुलन योजना निर्माण गरेर सोही किसिमका कार्यक्रम कार्यान्वयन गर्न लागेको छ। सञ्चालन गरिने हरेक कार्यक्रम जलवायु परिवर्तनका असर न्यूनिकरणसँग जोडेर कार्यान्वयन गरिने सरकारले जनाएको छ।

(मुद्दा नं. ०८२-DP-००८७)

श्री उच्च अदालत सुर्खेतबाट जारी भएको

जिल्ला सुर्खेत गुर्भाकोट नगरपालिका वडा नं. ७ घर भई हाल जिल्ला बाँके कोहलपुर न.पा. वडा नं. १० रामनगर स्थित माइतीघर बुवा शशिराम नेपालीको आश्रयमा बस्ने नरजंग कामीको नाति, भिम प्रकाश वि.क.को छोरा, वर्ष ११ को विमोचन वि.क. र ऐ.को नाति, ऐ.को छोरा वर्ष ५ को यमोचन वि.क.को हकमा र आफ्नो हकमा समेत नरजंग कामीको बुहारी भिम प्रकाश वि.क.को पत्नी वर्ष २६ की रमा रसाईलीका नाममा जारी पुनरावेदन म्याद:पुनरावेदक/प्रतिवादी भिमप्रकाश वि.क.को हकमा अनुमति लिई नरजंग कामी प्रत्यर्थी/वादी तपाईं रमा रसाईली भएको मुद्दा नं. ०८१-CP-०३६० को अंश र खानाखर्च दिलाई सम्बन्ध विच्छेद मुद्दामा सुर्खेत जिल्ला अदालतबाट मिति २०८२।०९।०२ गते वादी रमा रसाईली र प्रतिवादी भिम प्रकाश वि.क.का बिचमा रहेको पति पत्नीको नाता सम्बन्ध विच्छेद हुने, खानाखर्च वापत रु. १५,०००/- (पन्ध्र हजार रुपैयाँ) वादीहरूले भराई लिन पाउने र दर्ता श्रेस्ता मिले भिडिएका सम्पतिलाई ५ भाग लगाई उक्त ५ भागको १ भागलाई पुनः ४ भाग लगाई सो ४ भागको ३ भाग अंश वादीहरूले पाउने ठहरी फैसला भएकोले यो पुनरावेदन म्याद प्रकाशित गरिएको छ। उक्त फैसला उपर चित्त नबुझे यो पुनरावेदन म्याद प्रकाशन भएको मितिले बाटाका म्याद बाहेक ३० (तीस) दिन भित्र श्री उच्च अदालत सुर्खेतमा पुनरावेदन गर्नुहोला। पुनरावेदन नगरी म्याद गुजारे मुद्दा कानुन बमोजिम हुनेछ।

इति सम्वत् २०८३ साल श्रावण १२ गते रोज ३ शुभम्।(निमित्त रजिष्ट्रार)

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/१४

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री लक्ष्मी कुमारी वि.क.** धनी रहेको, **दर्ता नम्बर** ७५४०/०७७/०७८ बाट **वीरेन्द्रनगर-३ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **लक्ष्मी फर्निचर उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

गुरूहरूप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु-शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)